# ७१८

*[संवत् २०४५ सालको पुरस्कार (पहिलो) 'जगदम्बा-श्री' श्री नारायण गोपाललाई र सोही सालको 'मदन पुरस्कार' 'ज्योति ज्योति महाज्योति' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री दौलतविक्रम विष्टलाई समर्पण गर्न संवत् २०४६ साल आश्विन २० गते रोज ६ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन। यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १२० बाट उद्धृत गरिएको हो।]*

अध्यक्षज्यू र साथीहरू !

सधैं यो धन्यवाद गर्न उठ्दा– यो धन्यवादभन्दा बढ्ता गुनासै गुनासा धेरै हुन्थे क्यारे। अथवा गुठीमाथि गरिएका टिप्पणीहरूको जवाफै धेरै दिनुपर्थ्यो। दुइटा पुरस्कार भएकाले यसपटक त्यो हिसाबले मैले डबल गुनासो गर्नुपर्ने थियो-डबल स्पष्टीकरण दिनुपर्ने थियो। तर त्यसो भएन। यसपटक मैले धन्यवाद मात्रै भनेर बस्न पाएँ किनभने जताततैबाट यसपटक वाहवाह नै भयो। राम्रो मात्र सुन्न पाइयो।

सबै राम्रो भएको हाम्रो दुई जना 'ब्यौला'हरूले गर्दा हो। त्यसैले सर्वप्रथम म उहाँहरू दुई जनालाई धन्यवाद भन्छु।

'मदन पुरस्कार'का परीक्षकहरू र 'जगदम्बा-श्री' छनौट समितिका सदस्यज्यूहरूलाई म विशेष धन्यवाद भन्छु आफू अज्ञात रहेर उहाँहरूले जुन सेवा गर्नुहुन्छ त्यो साँच्चै नै ठूलो कुरा हो। र, उहाँहरूको सुझबुझले गर्द नै यसपटकको हाम्रो निर्णयको पनि राम्रो स्वागत भयो। मलाई के लाग्छ भने उहाँहरूले सिफारिस गर्दा पनि हावामा व्याप्त सुगन्धको असर परेको हुन्छ। किनभने वास्तवमा नेपाली बुद्धिजीवीहरूको परिपक्व विचारकै प्रतिनिधित्व गर्नुहुन्छ हाम्रा परीक्षक र छनौट समितिका सदस्यहरू पनि। त्यसै हुँदा उहाँहरूलाई चढाएको धन्यवाद घुमिफिरी तपाईंहरू छेउनै पुग्छ। नेपाली बुद्धिजीवीहरू सबैलाई मेरो यथायोग्य धन्यवाद !

सं. प्रधानमन्त्रीज्यूले आइदिएर र पुरस्कार समर्पण गरिदिएर हामीलाई ठूलो गुन लगाउनुभएको छ। त्यो गुन धन्यवाद भनेर कसरी तिरिन्छ होला र? तैपनि औपचारिकता पुऱ्याउन म कृतज्ञता ज्ञापन गर्छु।

हाम्रा दुई जना 'व्यौला'हरूलाई त के भनूँ? साँच्चै नै हाम्रा पत्रपत्रिकाहरूले भने जस्तै यो पुरस्कार तपाईंहरूलाई दिएर गुठी नै धन्य भएको छ। त्यसैले हामीलाई धन्य पार्ने तपाईंहरूलाई धन्यवाद भन्छु।

दौलतजी, तपाईंको "चपाइएका अनुहार" नै यसअघि नै पुरस्कृत भैसक्नुपर्ने थियो। तर तपाईंले भनिहाल्नुभयो– समयले साथ दिएन। अब समयले साथ दिएकाले हामीले तपाईंको सम्मान गर्न पायौं। तपाईंले यो महाज्योति हामीलाई नपठाइदिएको भए हामी त्यो सौभाग्यबाट वञ्चितै रहन्थ्यौं। त्यसका लागि धन्यवाद !

नारायणगोपालजी, तपाईं स्वरसम्राट् हुनुहुन्छ हामी यहाँ भएका, मलगायत धेरैका हृदयसम्राट् पनि हुनुहुन्छ। तपाईंले यो स्वर लहरी विदेशी भाषाको सेवामा अर्पण गर्नुभएको भए तपाईं करोडपति अरबपति हुनुहुन्थ्यो होला। तर तपाईंले आफ्नो गला ममजीले भने जस्तो "यस्तो गरिब भाषाका" सेवामा लगाउनुभयो। लगाइराख्नु भयो। यसैले तपाईं हामी सबैका श्रद्धेय हुनुहुन्छ। नेपाली भाषाको यस्तै सेवा गर्दै तपाईं धेरै वर्ष बाँच्नुस् !

धन्यवाद भन्नुपर्ने धेरै नै छ तर कतिपय धन्यवाद त फर्केर आफैंतिर आइपुग्ने हुनाले यो क्रम यहीं टुङ्ग्याउने अनुमति चाहन्छु। भनूँ न यो पाल टाँग्ने र सेल पकाउने मिलाउनेहरूलाई पनि धन्यवाद दिनुपर्छ तर त्यसको केही अंशमा मेरो पनि हक लाग्छ। त्यसैले आफैंले जस खान धेरै नबोलूँ भनेको हुँ। हाम्रा सदस्य गुठियारज्यूहरूले हाम्रा कर्मठ कार्यकर्ताहरूले पनि त्यसैले नामोच्चारण नगरेकोमा क्षमा दिनुपर्ला।

धन्यवाद !

☒ ☒ ☒